नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(............................................ शाखा)

फोन नं. : ४२११८१५, ४२११९८४
४२११६९६, ४२११९६३
फ्याक्स : ९७७-१-४२११८७७
Website : www.moltm.gov.np
E-mail : info@moltm.gov.np

सिंहदरबार
काठमाडौं, नेपाल

पत्र संख्या:-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मिति:-

मिति: ..........................

२०७८।०१।१६

विषय:-

## प्रेस विज्ञप्ती

यस मन्त्रालयले आ.व. २०७७।०७८ को वैदेशिक रोजगारीबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुलाई सम्मान तथा राष्ट्रिय पुरस्कार घोषणा कार्यक्रम मिति २०७८।०१।१६ गते भर्चुअल माध्यमबाट माननीय मन्त्री गौरी शंकर चौधरीज्यूको अध्यक्षता एवं श्रीमान् सचिव सूर्य प्रसाद गौतमज्यूको उपस्थितिमा सम्पन्न भयो ।उद्यमी सम्मान तथा राष्ट्रिय पुरस्कार घोषणा कार्यक्रममा यस मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, मूल्यांकन तथा सिफारिस समितिका सदस्यज्यूहरु, प्रमुख संचारगृहका पत्रकारज्यूहरु, छनौट भएका उद्यमीहरुको सहभागिता रहेको थियो ।

विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम उद्यमी राष्ट्रिय पुरस्कारको लागि उद्यमीहरुको छनौट गरिएको थियो । उक्त पुरस्कारको लागि मिति २०७७।०९।२८ मा आवेदन मागको सूचना प्रकाशन गरिएकोमा ८५ वटा आवेदन प्राप्त भएका थिए । कार्यविधिमा उल्लेखित ७ वटा छनौटका आधारहरु क्रमश: रोजगारी सृजना, पूँजी लगानी, स्थानीय श्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको अवस्था, सामाजिक दायित्व वहन, वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन, उद्योग संचालन गरेको भौगोलिक क्षेत्रका आधारमा आवेदकहरु मध्येबाट देहाय अनुसारका उद्यमीहरु छनौट गरी उद्यमी राष्ट्रिय पुरस्कारबाट सम्मान गर्ने निर्णय गरिएको हो ।

| सि.नं | नाम, थर | ठेगाना | फर्म/व्यवसायको नाम | व्यवसाय रहेको ठेगाना | पुरस्कार रकम रु. | पुरस्कारको नाम |
|---|---|---|---|---|---|---|
| १ | शिव पराजुली | तिलोतमा २, जानकीनगर रुपन्देही | सूर्या इन्डस्ट्रिज प्रा.लि. | देवदह ९, सितल नगर, रुपन्देही | एक लाख | उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार |
| २ | भुदुर प्रसाद थारु | रोहिनी गा.पा. ४, औरहवा, रुपन्देही | चौधरी फर्निचर उद्योग | रोहिनी गा.पा. ४, औरहवा, रुपन्देही | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार |
| ३ | सनोज कुमार माझी | ग्रामथान गा.पा. ५, मोरङ्ग | ग्राम थान कृषि फर्म | ग्रामथान ५, मोरङ्ग | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार |
| ४ | भोजराज पुवाली | मादी गा.पा. ११, कास्की | थुमाकोडांडा पशुपालन फर्म | पोखरा महानगरपालिका-१४ कास्की | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार |

फोन नं. : ४२११८१५, ४२११९८४
४२११६९६, ४२११९६३
फ्याक्स : ९७७-१-४२११८७७
Website : www.moltm.gov.np
E-mail : info@moltm.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(........................................................ शाखा)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

सिंहदरबार
काठमाडौं, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

प्राप्त पत्र संख्या र मितिः-

मितिः ..........................

विषयः-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | धनबहादुर राई | धरान उप.म.न.पा. ५, सुनसरी | डि आर एस कृषि फर्म | धरान ५, सुनसरी | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार सयुक्त रुपमा |
| ६ | शम्भुजित राई | सिलिचोङ्ग २, संखुवासभा | | | | |
| ७ | गोविन्द नन्द महतो | कावासोती १५, नवलपुर, नवलपरासी | युनिटी सिमेन्ट सामग्री उद्योग | कावासोती १५, नवलपुर | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार |
| ८ | चुरामणी चौधरी | सरावल गा.पा. ५, नवलपरासी | लुम्बिनी कृषि फर्म | सरावल ५, बडहरा, नवलपरासी | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार |
| ९ | ज्ञानेन्द्र सम्वाहाम्फे | मेचीनगर नपा ९, झापा | कुम्मायक एग्रिकल्चर फर्म प्रा.लि. | मेचीनगर ९, झापा | पचास हजार | उद्यमी राष्ट्रिय पुरस्कार |

उक्त कार्यक्रममा उद्यमी राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनु भएका उद्यमीहरु श्री शिव पराजुली, भोजराज पुवाली र ज्ञानेन्द्र सम्वाहाम्फेबाट वैदेशिक रोजगारीको अनुभवका आधारमा स्वदेशमा नै विभिन्न प्रकारका उद्यम पेशा व्यवसायबाट आम्द आर्जन गरी स्वदेशी उत्पादन र उद्यमशीलता बिकास गर्न आफै लागि पर्नु पर्ने तर्फ प्रकाश पार्नु भयो र रोजगारी प्रवर्द्धन गर्न गरेका पहलको विषयहरुमा आफ्ना अनुभवहरु आदान प्रदान गर्नु भएको थियो । माननीय मन्त्रिज्यूबाट छनौट भएका उद्यमीहरुलाई बधाई दिदै आगामी दिनमा सरकारले यस प्रकारको स्वदेशमै श्रम, सिप र पूँजी परिचालन गरी हुन सक्ने रोजगारी श्रृजना र आयमूलक काममा प्रोत्साहन मिलोस भनी उद्यमीलाई सम्मान र पुरस्कारको व्यवस्था गरी प्रवर्द्धनात्मक काम गरेको र यसबाट भविष्यमा रोजगारी र उद्यमशीलताको क्षेत्रमा थप योगदान गर्न प्रेरणा मिलोस भन्दै शुभकामना दिनुभएको थियो । चालु आ.व. ०७७।७८ को **उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार** र **उद्यमी राष्ट्रिय पुरस्कार** बाट सम्मानित हुने उद्यमीहरुलाई माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूबाट भर्चुअल माध्यमबाट सम्मान पत्र र नगद पुरस्कार प्रदान गरियो ।

०७८।०१।१६

मिति २०७८।०१।१६

देवेन्द्र कार्की
उपसचिव एवं सहप्रवक्ता